नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
(आर्थिक प्रशासन शाखा)

फोन नं. ४२०००००
४२००४६०
सिंहदरबार, काठमाण्डौ

प.सं. २०७३/०७४
च.न १.१.३ ५८८

मिति :- २०७४/०२/२५

विषय :- *विवरण पठाउने सम्वन्धमा ।*

श्री जिल्ला समन्वय समितिको कार्यालय, सवै (७५)

प्रस्तुत विषयमा नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. ५५२९ मिति २०७३/११/०९ को पत्रानुसार नेपाल सरकार (मं.प) को मिति २०७३/११/०९ को निर्णयानुसार स्थानीय तहको शासन सञ्चालन सम्वन्धमा जारी गरिएको आदेश, २०७३ कार्यान्वयन गर्ने क्रममा यो आ.व. मा २ वटा आर्थिक विवरण तयार गर्नुपर्ने हुन्छ । एउटा आर्थिक विवरण २०७३ फाल्गुण मसान्तसम्मको र अर्को आर्थिक विवरण २०७३/१२/०१ गतेदेखि २०७४ आषाढ मसान्तसम्मको तयार गरी आर्थिक कार्यविधि, २०६४ को नियम ८९,९० र ९१ वमोजिम लेखा तथा आर्थिक विवरण पेश गर्नुपर्नेछ । सो व्यवस्था अनुसार ०७३ फाल्गुण मसान्तसम्मको श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षण समेत गराई सो को प्रतिवेदन सहित र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट निकासा भिडाई साविक गा.वि.स.तथा जिल्ला विकास समितिको नामको विभिन्न व.उ.शि.नं. हरुको छुट्टाछुट्टै प्रमाणित आर्थिक विवरण लगायत तपसिलका विवरणहरु २०७४ आषाढ ७ गतेभित्र यस मन्त्रालयमा पठाउनु हुन र जिल्ला स्थित गांउपालिका , नगरपालिका बाट सो अनुसारको विवरण संकलन गरी उल्लेखित समयभित्र मंत्रालयमा आईपुग्ने गरी उपलव्ध गराई दिन हुन अनुरोध छ ।

***तपसिल***

१. २०७३ फाल्गुण मसान्त सम्मको प्रमाणित आर्थिक विवरणहरु जस्तै विनियोजन, राजश्व, धरौटी
२. गाऊँपालिका र नगरपालिकाको खाता सञ्चालनको विवरण ।
३. वरवुझारथको अवस्था (भए/नभएको) जस्तै : नगदी, जिन्सी, श्रेस्ता र अन्य ।
४. आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९० वमोजिमको अनुसूची १४, म.ले.प.फा.नं. ५७ (जिन्सी मौज्दातको वार्षिक विवरण
५. २०७३ फाल्गुण मसान्तसम्मको खर्चको फाँटवारी ।
६. वेरुजुको अवस्था (नियमित गर्ने, असुल उपर गर्ने, पेश्की र अन्य वेरुजु)
७. हालसम्म सोही वमोजिम फछ्र्यौट एवं संपरीक्षणको अवस्था, वेरुजु फछ्र्यौटमा आईपरेका समस्याहरु र समाधानको लागि चालिएका कदमहरुवारे उल्लेख गरी पठाउने ।

***वोधार्थ :***

श्री स्थानीय तह सवै (७४४) : उपरोक्तानुसारको विवरण उल्लेखित मिति भित्र अनिवार्य रुपमा मंत्रालयमा उपलव्ध गराउनु हुन तथा बरबुझारथ हुन वांकी रहेकोमा तत्काल बुझारथ गर्ने व्यवस्था मिलाई नियमानुसार नियमित प्रतिवेदन समेत गर्नुहुन अनुरोध छ ।

श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय,

(ढुण्डी प्रसाद निरौला)